**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**मानव संसाधन व्यवस्थापन विभागको**

**अनलाईन (Online) दरखास्त फारम सम्बन्धी सूचना**
**(मिति : २०८०/०६/०१)**

यस बैंकमा रिक्त रहेका देहायबमोजिमका पदमा करारमार्फत् पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०८०/०६/०१ गते देखि मिति २०८०/०६/१५ गतेसम्म अनलाइन दरखास्त फारम पेश गर्न आह्वान गरिएको छ। दरखास्त पेश गर्दा आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, तोकिएको अनुभव खुल्ने प्रमाणपत्र तथा अन्य सम्पूर्ण प्रमाणपत्र स्क्यान गरी संलग्न गर्नुपर्नेछ। दरखास्त दस्तुर भुक्तानी नभएका वा रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन। झुट्टा विवरण पेश गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ।

| विज्ञापन नं. | पद | माग संख्या | नियुक्त गरिने कार्यालय | न्यूनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १०१/२०८० | रक्षक | २ | केन्द्रीय कार्यालय | SEE वा सो सरह उत्तीर्ण | कुनै कसुर नलागी नेपाली सेनाबाट निवृत्तिभरण प्राप्त जमदार वा सुवेदार वा सो सरह |
| १०२/२०८० | सिपाही | २ | केन्द्रीय कार्यालय | आठ कक्षा उत्तीर्ण | कुनै कसुर नलागी नेपाली सेनाबाट निवृत्तिभरण प्राप्त हुद्दा वा अमलदार वा प्यूठ वा सिपाही वा सो सरह |
| १०३/२०८० | सिपाही (महिला) | ३ | केन्द्रीय कार्यालय | | |
| १०४/२०८० | सिपाही (महिला) | १ | विराटनगर कार्यालय | | |
| १०५/२०८० | सिपाही (महिला) | १ | जनकपुर कार्यालय | | |
| १०६/२०८० | सिपाही (महिला) | १ | विरगञ्ज कार्यालय | | |
| १०७/२०८० | सिपाही (महिला) | १ | पोखरा कार्यालय | | |
| १०८/२०८० | सिपाही (महिला) | १ | सिद्धार्थनगर कार्यालय | | |
| १०९/२०८० | सिपाही (महिला) | १ | नेपालगञ्ज कार्यालय | | |
| ११०/२०८० | सिपाही (महिला) | १ | धनगढी कार्यालय | | |
| १११/२०८० | पिपा | १ | केन्द्रीय कार्यालय | आठ कक्षा उत्तीर्ण | कुनै कसुर नलागी नेपाली सेनाबाट निवृत्तिभरण प्राप्त बन्दोबस्ती कार्य सिपाही वा बन्दोबस्ती कार्य हुद्दा वा सो सरह |
| ११२/२०८० | मेकानिकल इन्जिनियर (अधिकृत) | १ | टक्सार महाशाखा | मेकानिकल इन्जिनियरिङ्गमा स्नातक उत्तीर्ण | सम्बन्धित काममा कम्तिमा २ वर्ष |
| ११३/२०८० | मेकानिकल ओभरसियर (सुपरभाईजर) | २ | टक्सार महाशाखा | मेकानिकल इन्जिनियरिङ्गमा ३ वर्षे डिप्लोमा उत्तीर्ण | सम्बन्धित काममा कम्तिमा २ वर्ष |
| ११४/२०८० | जुनियर आस्सेयर (सुपरभाईजर) | १ | टक्सार महाशाखा | रसायनशास्त्रमा स्नातक तह उत्तीर्ण | सम्बन्धित काममा कम्तिमा २ वर्ष |
| ११५/२०८० | मुर्तिकला एवं चित्रकला सुपरभाईजर | १ | टक्सार महाशाखा | मुर्तिकला तथा चित्रकला विषयमा स्नातक तह उत्तीर्ण | सम्बन्धित काममा कम्तिमा २ वर्ष |
| ११६/२०८० | ईलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक ओभरसियर (सुपरभाईजर) | १ | टक्सार महाशाखा | ईलेक्ट्रिक एण्ड ईलेक्ट्रोनिक विषयमा ३ वर्षे डिप्लोमा उत्तीर्ण | सम्बन्धित काममा कम्तिमा २ वर्ष |
| ११७/२०८० | मेकानिक (सहायक) | ६ | टक्सार महाशाखा | मेकानिकल इन्जिनियरिङ्गमा ३ वर्षे डिप्लोमा उत्तीर्ण | |
| ११८/२०८० | प्रयोगशाला सहायक (सहायक) | १ | टक्सार महाशाखा | विज्ञान विषयमा 10+2 वा सो सरह उत्तीर्ण | सम्बन्धित काममा कम्तिमा १ वर्ष |
| ११९/२०८० | पेन्टोग्राफ मेसिन अपरेटर (सहायक) | १ | टक्सार महाशाखा | 10+2 वा सो सरह उत्तीर्ण | पेन्टोग्राफ मेसिन सञ्चालनमा कम्तिमा १ वर्षको अनुभव तथा चित्रकला र ड्रईङ्ग सम्बन्धी पूर्ण ज्ञान भएको |
| १२०/२०८० | फोर्कलिफ्ट हेभि इक्विपमेण्ट अपरेटर (चालक) | १ | टक्सार महाशाखा | आठ कक्षा उत्तीर्ण | फोर्कलिफ्ट गाडीको लाईसेन्स प्राप्त गरी नवीकरण अवस्थामा रहेको |

**अन्य विवरण**

| | | | |
|---|---|---|---|
| १. | उम्मेदवारको उमेर हद | : | दरखास्त दिने अन्तिम मितिमा ४५ वर्ष ननाघेको |
| २. | उम्मेदवारको छनोट विधि | : | लिखित परीक्षा, प्रयोगात्मक तथा अन्तर्वार्ता । (दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या १०० वा सोभन्दा कम भएमा प्रयोगात्मक र अन्तर्वार्ता दुवै वा अन्तर्वार्ता परीक्षामात्र हुनेछ ।) |
| ३. | स्वीकृत नामावली प्रकाशन | : | बैंकको वेबसाइटमा पछि प्रकाशन गरिने । |
| ४. | परीक्षा कार्यक्रम प्रकाशन | : | बैंकको वेबसाइटमा पछि प्रकाशन गरिने । |
| ५. | करार सम्झौता अवधि | : | करार सम्झौताको अवधि ६ महिनाको हुनेछ । |
| ६. | पारिश्रमिक तथा अन्य सुविधा | : | बैंकको नियमानुसार करारनामामा उल्लेख भए बमोजिम हुनेछ । |
| ७. | काम गर्नुपर्ने कार्यालय | : | विज्ञापनमा तोकिएको कार्यालय । (आवश्यकता अनुसार अन्य कार्यालयमा समेत खटाउन सकिने) |
| ८. | सेवा सम्बन्धी शर्त | : | दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ । |
| ९. | अनलाईन दरखास्त पेश गर्ने तरीका | : | यस बैंकको website: www.nrb.org.np मा Career भित्र राखिएको Online Portal for Contract Application बाट भर्न सकिनेछ । |
| १०. | परीक्षा दस्तुर | : | मेकानिकल इन्जिनियरको हकमा रु.१,०००।- र अन्य विज्ञापनको हकमा प्रति विज्ञापन रु.८००।- (रीत नपुगेको कारणले आवेदन फारम अस्वीकृत हुने आवेदकहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन ।) |
| ११. | परीक्षा दस्तुर बुझाउने प्रक्रिया | : | अनलाईन दरखास्त फाराम Submit गरेपश्चात् पोर्टलमा रहेका भुक्तानी सेवा प्रदायक मार्फत् बुझाउन सकिनेछ । |
| १२. | दरखास्त दिने अन्तिम मिति | : | २०८०/०६/१५ |

नोटः

क) सबै पदको परीक्षा कार्यक्रम (लिखित, प्रयोगात्मक र अन्तर्वार्ता) काठमाडौंमा सञ्चालन हुनेछ ।

ख) दरखास्त दिने उम्मेदवारको फोटो हालसालै खिचिएको हुनुपर्ने छ ।

ग) दरखास्त पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको मानव संसाधन व्यवस्थापन विभाग बालुवाटार, फोन नं. ०१-४४१९८०४/०५/०६/०७ एक्स्टेनसन नं. १३८ वा १४६ वा ०१-४४४१०३६ मा अथवा बैंकको ईमेल ठेगाना career@nrb.org.np मार्फत् सम्पर्क गर्न सकिनेछ ।

ग) यो सूचना तथा उपरोक्त पदको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को Career अन्तर्गत Notices भित्र राखिएको छ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
मानव संसाधन व्यवस्थापन विभाग

.............................
**उप-निर्देशक**
**तथा**
**सदस्य सचिव-पदपूर्ति उपसमिति**